# जलजला गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
# लामाखेत पर्वत

# सिलवन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना:

प्रथम पटक प्रकाशन मिति २०७९/०४/१२

आ.व. २०७९/०८० मा स्थानिय सरकार संचलन ऐन २०७४ को दफा ६१ एवं जलजला गाउँपालिकाको आर्थिक ऐन २०७९ को दफा ५ र यस कार्यालयको मिति २०७९।०४।११ को निर्णय बमोजिम गाउँपालिकाबाट कवाडी मालसामान संकलन तथा निकासी गरे बापत कर तथा शुल्क संकलनको कार्य ठेक्काबाट गराउनका लागि यो सुचना प्रकाशन गरिएको छ । ईच्छुक इजाजतप्राप्त फर्मबाट तपसिलमा उल्लेखित विषय र सर्तहरुको अधिनमा रहि यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र रितपुर्वकको सिलबन्दी बोलपत्र आह्वान गरिन्छ।

**तपसिल:**

| क्र.सं. | विषय | कार्यालयले तोकेको मुल्य (भ्याट बाहेक) | ठेक्का लाग्ने अबधी | ठेक्का नं. |
|---|---|---|---|---|
| १ | कवाडी कर | रु.३,७५,०००।-(तीन लाख पचहत्तर हजार) | २०८० असार मसान्त सम्म | १-०७९/८० |

**सर्तहरु:**

१. यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिनको कार्यालय समय सम्म बोलपत्र फाराम रु.**१०००** (एक हजार रुपैयाँ) भुक्तानी गरी (फिर्ता नहुने गरी) जलजला गाउँपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिने छ। बोलपत्र खरीद गर्ने अन्तिम दिनमा सार्वजनिक विदा परेमा सोको भोलीपल्ट कार्यालय खुलेको दिनलाइ अन्तीम दिन मानिनेछ ।

२. सूचना प्रकाशन भएको मितिले सोह्रौं दिनको दिउसो १२ बजे सम्म बोलपत्र दाखिला गर्न सकिनेछ। सोहि दिनको दिउसो २ बजे कार्यालय प्रतिनिधि र बोलपत्रदाताको रोहवरमा कार्यालयमा नै बोलपत्र खोलिनेछ। उक्त दिन बिदा परेमा त्यसको भोलिपल्ट बोलपत्र खोलिने छ। बोलपत्र दाता उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

३. आफुले कबोल गरेको अंकको मु.अ.कर. सहीत **५%** ले हुन आउने धरौटी रकम यस कार्यालयको नाममा नेपाल इन्भेष्टमेण्ट बैकमा रहेको **धरौटी खाता नं. ग.३.१ ०६४०१४००२५००२३** मा जम्मा गरी सोको सक्कलै भौचर वा सो रकम बराबरको यस कार्यालयको नाममा जारी गरिएको बिडवण्ड बोलपत्र दाखिला गर्ने अन्तिम मितिले १२० दिनको अवधी भएको समावेश गर्नु पर्नेछ।

४. कार्यालयको छाप र कार्यालय प्रमुखबाट प्रमाणित नभएको बोलपत्र फारामलाई मान्यता दिईने छैन। बोलपत्र साथ फर्म दर्ता प्रमाण पत्र, फर्म नविकरण, आय कर दर्ता प्रमाण पत्र, कर चुक्ता प्रमाण पत्रको प्रतिलिपीहरु पेश गर्नु पर्नेछ।

५. जुन फर्मको नामबाट बोलपत्र खरीद भएको हो सोही फर्मको नामबाट मात्र बोलपत्र दर्ता गर्न सकिनेछ। बोलपत्र भर्दा स्पष्ट रुपमा अङ्क र अक्षरमा भर्नुपर्नेछ अङ्क र अक्षर फरक परेमा अक्षरलाइ मान्यता दिइनेछ ।

६. प्रत्यक बोलपत्रको छुट्टा छुट्टै खाममा आफुले कबोल गर्न चाहेको विषय वा शिर्षकको सूचनामा उल्लेखित बोल पत्र नं. सहित कामको विषय वा शिर्षक लेखि बोलपत्र सिलबन्दी गरी पेश गर्नु पर्नेछ।

७. बोलपत्र सकारे बापत नियमानुसार आफुले बुझाउन पर्ने सम्पूर्ण रकम ठेकदार स्वयंले बुझाउन पर्नेछ । सम्झौताको लागि स्वीकृत बोलपत्र दाताले आफुले कबोल गरेको कुल रकम तीन किस्ता गरी बुझाउन सक्ने छ । यसरी बुझाउने किस्ता मध्ये प्रथम किस्ता बापत ४०% रकम सम्झौता गर्ने समयमा बुझाउन पर्ने छ । बाँकी रकमको हकमा नेपाल सरकारको मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा २०८० श्रावण मसान्त सम्मको लागि जारी भएको अग्रिम भुक्तानी, बैंक ग्यारेन्टी वा नगद जमानत पेश गर्नु पर्ने छ।

८. आफुले कबोल गरेको ठेक्का अंकको रकम एकमुस्ट अग्रिम बुझाउने बोलपत्र दातालाई कबोल अंकको ५% सम्म छुट दिई सम्झौता गर्न सकिने छ। तर धरौटीको रकमलाई सो रकममा समाबेस गरीने छैन।

९. ठेकेदारले सम्झौता पत्रमा तोकिएको बस्तुहरुमा मात्र तोकए बमोजिमको दर रेटमा कर दस्तुर असुल गर्नु पर्ने छ। प्रचलित ऐन नियम कानुन सम्झौता र सूचनाको शर्तहरु विपरीत कार्य गरेमा जुनसुकै समयमा पनि कार्यालयले सम्झौता तोड्न सक्नेछ र त्यसबाट कार्यालयलाई हुने हानी नोक्सानी ठेकेदारबाट सरकारी बाँकी सरह असुल उपर गरीने छ।

१०. प्रचलित नियम विपरीत कर असुल गर्न वा एउटा स्थानिय तहले लिएको करको प्रमाण हुँदाहुँदै दोहोरो हुने गरी कर असुल गर्न पाईने छैन।

११. जलजला गाउँपालिकालाई तिर्नु पर्ने रकम तथा जिन्सी सामानहरु बक्यौता देखिएमा त्यस्ता फर्मका नाममा समेत बोलपत्र स्वीकृत गरीने छैन।

१२. बोलपत्र स्वीकृत गर्ने आंसिक स्वीकृत गर्ने र स्वीकृत नगर्ने सम्पूर्ण अधिकार जलजला गाउँपालिकामा सुरक्षित रहने छ।

१३. गाउँपालिकाले तोकेको कर संकलन केन्द्रमा कर दस्तुर उठाउने बस्तुको स्पस्ट सुचि राख्नु पर्नेछ।

१४. ठेक्का अवधि समाप्त भए पछि कर चुक्ता गरेको प्रमाण पत्र पेश गरेपछि मात्र धरौटी रकम फिर्ता दिईनेछ।

१५. बन्द हड्ताल चक्काजाम वा अन्य कुनै कारण देखाई कार्यालयमा मिनाह माग गर्न पाईने छैन।

१६. नेपाल सरकार प्रदेश सरकार र यस कार्यालयबाट समय समयमा दिईएको नीति निर्देशनहरु पालना गर्नु सम्बन्धित ठेकदारको कर्तब्य हुनेछ।

१७. नेपाल सरकारको कुनै पनि निकायले संचालन गरेको सवारी साधनमा उल्लेखित कर लगाउन पाईने छैन।

१८. ठेक्का सम्बन्धी कुनै बिबाद भएमा आपसी सहमतिबाट टुङ्गो लगाईने छ। यदि सहमति हुन नसके गाउँपालिकाको निर्णय अन्तिम हुने छ।

१९. ठेकदारले बोलपत्र स्वीकृत भएको ७ दिन भित्र सम्झौता गर्नको लागि कार्यालयमा सम्पर्क गरी सक्नु पर्नेछ। तोकिएको अवधि भित्र सम्झौता गर्न नआएमा धरौटी जफत गरी नियमानुसार ठेक्का ब्यबस्थापन प्रक्रिया अगाडी बढाईनेछ।

२०. बोलपत्र सम्बन्धी थप जानकारी आवश्यक भएमा कार्यालयमा सम्पर्क गर्न सकिने छ। करको दर रेट बोलपत्र फाराममा उल्लेख हुने छ।

२१. यसमा उल्लेख नभएको थप कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत